## निर्णय:

### निर्णय नं. १:

चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. १ स्थित नविन निर्माण सेवाको तर्फबाट अख्तियार प्राप्त ऐ.को प्रोपाइटर ऐ.ऐ. बस्ने गोकुल बहादुर थापाको छोरा वर्ष ४६ को नविन कुमार थापाले यस रत्ननगर नगरपालिकाको कार्यालय, रत्ननगर, चितवनका उपरमा चितवन जिल्ला अदालतमा ०७७-WO-०००१ को निषेधाज्ञा मुद्धाको निवेदन पत्र दायर गर्नु भई यस नगरपालिकाको कार्यालयको नाउँमा जारी भएको १५(पन्ध्र) दिने म्याद सूचना मिति २०७७।०४।०६ मा तामेल भएकोमा सो म्यादभित्र लिखित जवाफ दर्ता गरी मुद्धाको पुर्पक्षमा रहन यसै कार्यालयका सहायक पाचौं श्री देव प्रसाद पौडेललाई प्रतिनिधी मुकरर गरी पठाउने निर्णय गरियो ।

### निर्णय नं. २:

विभिन्न मितिमा लोक सेवा कार्यालयबाट सिफारिस भई यस कार्यालयमा नियुक्ती पाएका निम्न कर्मचारीहरुको आ. व. २०७६।०७७ को कार्य सम्पादन मुल्यांकनको लागि तपसिल वमोजिम फाराम स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | पद | कर्मचारीको नाम थर | स्थायी ठेगाना | लोक सेवाबाट सिफारिस गरिएको मिति | नगरपालिकाबाट नियुक्ती पाएको मिति |
|---|---|---|---|---|---|
| १. | अधिकृत छैटौं | श्री ग्रीष्मा शर्मा | शंकरपोखरी-६, पर्वत | २०७६।०८।२० | २०७६।०८।२२ |
| २. | सव ईन्जिनियर (पाचौं) | श्री सुकुमाया श्रीमल | व्यास - ३, तनहुँ | २०७६।११।१९ | २०७६।११।२२ |
| ३. | सव ईन्जिनियर (पाचौं) | श्री रन्जित महतो | माडी-४, चितवन | २०७६।११।१९ | २०७६।१२।०९ |